वैज्ञानिक मानवता, प्राकृतिक जनराज्य
# जनयुग पार्टी

केन्द्रीय कार्यालय, काठमाडौं
सम्पर्क : ९८५१०१५४१४
ईमेल : janayug2082@gmail.com

## प्रेस वक्तव्य

जनयुग पार्टीको प्रथम भेला मिति २०८२ असोज २४ र २५ गते काठमाडौंमा सम्पन्न भएको छ । भेलाले जनयुग पार्टीको घोषणा गरेको छ । पार्टी स्थापनाको सन्दर्भमा देशको सार्वभौमसत्ता, स्वाधीनता, अखण्डता तथा जनताको स्वतन्त्रता, प्रजातन्त्र, सुशासन र समानताको लागि जीवन उत्सर्ग दिने सम्पूर्ण सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै संघर्षमा सामेल भएका सम्पूर्ण नागरिकप्रति सम्मान व्यक्त गर्दछौं ।

१. जनयुग पार्टीको भेलाले गरेका निर्णयहरु सार्वजनिक गर्नको लागि यो वक्तव्य जारी गरिएको छ । सहभागी प्रतिनिधिहरुले ताली बजाएर भेलाको सामूहिक उद्घाटन भएको थियो । भेलाको उद्घाटन समारोहको अध्यक्षता ठाकुर पोखरेल र सञ्चालन बिमल पोखरेलले गर्नुभएको थियो । भेलामा नवराज सुवेदी, डा. लछी सिंह, डम्बर खतिवडा, गणेश लोहार, डा. अमृत भुसाल, मुकुन्द आचार्य, नवीन कक्षपती, उपेन्द्र अधिकारी, घनश्याम मिश्र, गोविन्द गिरी र राजन केसीले सम्बोधन गर्नुभएको थियो ।

२. देशको राजनीतिमा सत्ताकेन्द्रित गठबन्धनबाट निर्माण गरिएको निरंकुशता, तानाशाही, स्वेच्छाचारिता, भ्रष्टाचार, कुशासनले देश गम्भीर राजनीतिक संकटमा फस्दै गएको अवस्थालाई हल गर्नको लागि सत्ताधारी तथा मुख्य पार्टीहरु पूर्ण रुपमा असफल भएका छन् । जनताको न्याय, समानता, स्वतन्त्रता, सुशासन र मौलिक हकको व्यवहारिक प्राप्तीको विषयलाई कुण्ठित गर्दै लगिएको हुनाले जनतामा विद्रोहको भावना पैदा भएको छ । देशको राजनीतिक, आर्थिक, सामाजिक लगायतका समस्या समाधानमा असफल हुनुका साथै अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलित ढंगले सञ्चालन गर्न नसकेको परिणाम स्वरुप देश जटिल राजनीतिक र संवैधानिक संकटमा फसेको छ। वर्तमान सरकारले आ-आफ्नो स्वार्थलाई प्रधानता दिंदै भदौ २३ मा भएको नवयुवा (जेन-जी)हरुको प्रदर्शनमाथि गरिएको नृसंस दमनको निष्पक्ष छानविनको कुरा गर्ने तर भदौ २४ गतेको आगजनी, तोडफोड, लुटपाटको प्रश्नमा मौन रहने गरिएको छ । विगतमा सत्तामा रहेका दलले भदौ २३ गतेको छानविन नगरी केवल २४ गतेको आगजनी, तोडफोड र लुटपाटको मात्र छानविनको माग गर्नु दुवै गलत दृष्टिकोणबाट प्रेरित रहेका छन् । भदौ २३ र २४ गते घटेका दुवै घटनाको निष्पक्ष छानविन गरी दोषीमाथि कडा कारवाही गर्न हाम्रो पार्टी जोडदार माग गर्दछ। देशमा विकसित भएको जटिल राजनैतिक र संवैधानिक संकटको समाधानका लागि संवैधानिक सर्वोच्चता, कानुनी शासन, शान्ति र न्याय स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ ।

३. मिति २०८२ भदौ २३ गते नवयुवा (जेन-जी) आन्दोलनमा गरिएको नृसंस र क्रुर दमन तथा हत्याको जनयुग पार्टी घोर भर्त्सना गर्दछ । गोलीकाण्डमा मारिएका नवयुवा विद्यार्थीहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै पीडितलाई क्षतिपूर्ति दिन माग गर्दछ । अपराधिक लुटपाट, तोडफोड, आगजनीका घटनामा किटानी जाहेरी परेपछि नियमित प्रक्रिया र विधिबमोजिम हुनुपर्नेमा त्यस्ता अपराधिक कार्य दबाउन जाँचबुझ आयोगतिर विषयलाई पञ्छाइनु सर्वथा गलत छ । पार्टी त्यस कार्यले अपराधीको मनोबल बढ्ने हुँदा नियमित कारवाहीमा बाधा नहाल्न चेतावनी दिंदै अपराधमा संलग्न व्यक्तिमाथि कारवाही गर्न जोडदार माग गर्दछ ।

४. पार्टीले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षालगायत नागरिकको मौलिक हक भएकाले त्यसको सुनिश्चितता गर्नु राज्यको दायित्व भएको ठहर गर्दै देशमा सुशासन, पारदर्शिता र अधिकतम स्रोतहरुको परिचालन र व्यवस्थापन गरी गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा प्रवाह गर्न र रोजगारी प्रबर्धनका कार्यक्रम अगाडि बढाउनुपर्ने आवश्यकतामा जोड दिएको छ । देशलाई आर्थिक रुपले बलियो बनाउन सरकार, निजी क्षेत्र र समुदाय तीन पक्ष परिचालित हुनु आवश्यक छ । त्यसका लागि आर्थिक विकासका क्षेत्रहरु पहिचान गरिनुपर्दछ । जलविद्युत, पर्यटन, कृषि, जैविक खेती, प्रशोधन उद्योग, पशुपालन, सहकारी प्रणाली र आधुनिक प्रविधिलाई अपनाउन जोड दिइनुपर्दछ । घरेलु, मझौला र ठूला उद्योग वर्गीकरण गरी सञ्चालन गर्नुका साथै स्टार्टअप हब अगाडि बढाउन विशेष जोड दिन्छ ।

५. देशमा व्याप्त भ्रष्टाचार र कमिसनतन्त्रले समग्र अर्थतन्त्र गम्भीर रुपले प्रभावित भएको छ। सामाजिक विकृति बढेर नैतिक धरातल समेत खस्केको छ। खासगरी विगतमा भएका अनगिन्ती काण्डहरुको निष्पक्ष छानविन गरी आयस्रोत भन्दा बढी सम्पत्ति जफत गरी भ्रष्टाचारमा संलग्न व्यक्तिहरुलाई कडा कारवाही गरिनुपर्दछ। देशलाई भ्रष्टाचारमुक्त बनाउनको लागि भ्रष्टाचार छानविन गर्ने निकायलाई स्वतन्त्र, निष्पक्ष र अधिकार सम्पन्न बनाउनुपर्दछ।

६. वैज्ञानिक उत्पादन प्रणाली, परम्परागत ज्ञान र सीपको प्रवर्द्धन र नवप्रवर्तनमाथि जोड दिँदै युवा शक्तिको विदेश पलायन रोकी देशमै स्वरोजगार बृद्धि, युवाहरुलाई नीतिगत र नेतृत्व तहमा सशक्त बनाउन, राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने दिशामा तत्काल काम सुरु गर्न भेलाले माग गरेको छ।

७. देशमा महिला, दलित, अल्पसंख्यक नागरिकहरुप्रति शोषण, अन्याय, अत्याचार तथा भेदभाव कायमै रहेको हुनाले सबैप्रकारका भेदभावहरुलाई व्यवहारिक रुपमा अन्त्य गर्न ठोस कार्यक्रम सञ्चालन गर्नुका साथै निरन्तर संघर्ष गर्नुपर्ने आवश्यकता रहेको विषयमा प्रस्ताव पारित भएको छ।

## पार्टी घोषणाको वैचारिकी

क. नेपाली समाजको समावेशी विशिष्टतालाई ध्यान दिंदै, पूर्वीय दर्शन तथा नेपाली सभ्यताको विकास र विश्वमा प्रतिपादन भएका विभिन्न राजनीतिक दर्शनको नेपाली आवश्यकताका आधारमा विश्लेषण तथा संश्लेषण गरी नयाँ दार्शनिकीको निर्माण गर्दै कुनै पनि नागरिकलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक, सामाजिक, सांस्कृतिक विचार, भूगोल, उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै आधारमा गरिने सबै प्रकारका शोषण, अन्याय, अत्याचार, विभेदहरुको अन्त्य गर्दै मानव जातिको समग्र विकास गरी गुणस्तरीय जीवनको लागि वैयक्तिक स्वतन्त्रता, प्राकृतिक छनौटलाई सुनिश्चित गर्दै व्यक्तिको समावेशी तथा सामुदायिक सहभागितामा आधारित 'प्राकृतिक जनराज्य' स्थापित गर्ने उद्देश्य रहेको छ। मानव समाजलाई विभेदरहित, हिंसारहित, सुरक्षित, आत्मनिर्भर र विकसित बनाउनको लागि नेपाल र विश्वभरका जनता एकजुट हुनुपर्ने आवश्यकता बोध भएको छ।

ख. पृथ्वी मानव मात्रैको नभएर सम्पूर्ण जीव-जनावर, चराचुरुङ्गी, कीरा, माछा, उभयचर, सरीसृप आदिको बृहत् घर भएको हुनाले मानव गतिविधिका कारण तिनीहरुको विनास हुनु हुँदैन। समग्र प्राणीजगत, बोटविरुवा र वातावरणलाई जोगाउनु मानव जातिको अविच्छिन्न कर्तव्यको बोध गर्दै सामाजिक क्षेत्रमा 'वैज्ञानिक मानवतावाद' स्थापित गर्ने हाम्रो कार्यदिशा अंगीकार गर्दै जनयुग पार्टी निर्माण भएको छ।

ग. विश्व चौथो औद्योगिक क्रान्तिको चरणमा रहेको छ। विश्वको औद्योगीकरण र भूमण्डलीकरणमा आधारित पुरानो पुँजीवाद र उत्पादनका साधन र पुँजीलाई राज्य नियन्त्रित समाजवाद दुवैले आजको अवस्थामा सान्दर्भिकताका गुमाइसकेका छन् भने एक्काइसौं शताब्दीमा विकसित प्रविधि, वैज्ञानिक अनुसन्धान र खोजलाई दृष्टिगत गर्दा आजको समाज र राज्यप्रणाली अमूक वादद्वारा मात्रै निर्देशित हुन नसक्ने हाम्रो ठहर छ। पुँजीवादी पार्टीहरुले पुँजी, सत्ता र शक्तिको आडमा विश्वका जनतामाथि गर्ने थिचोमिचो तथा सर्वहारा अधिनायकत्वको नाममा विश्वभर फैलाइएको तानाशाही व्यक्तिगत स्वतन्त्रता नियन्त्रणका विरुद्ध लड्दै सबै जनतालाई क्षमता अभिवृद्धि उत्पादन पुँजी निर्माण सामाजिक तथा स्वतन्त्र जीवन जिउने उद्देश्यको ग्यारेन्टीको लागि हाम्रो पार्टी स्थापना भएको छ।

घ. समाज विकासको आजको अवस्थामा अर्थतन्त्रका क्षेत्रमा बढी भन्दा बढी वैयक्तिक स्वतन्त्रता र प्राकृतिक जनराज्य र वैज्ञानिक मानवतावादलाई संस्थागत गर्नको लागि उत्पादन, शान्ति, वैज्ञानिक प्रयोग र निरन्तर संघर्षको नीति अपनाइनेछ। मानव सभ्यताको विकास, वातावरणको संरक्षण, समग्र प्राणी जगत्को रक्षा गर्दै संसारभरका जनतालाई वैयक्तिक स्वतन्त्रता, प्राकृतिक छनौट, समावेशी र सामुदायिक सहभागितासहित 'प्राकृतिक जनराज्य' र 'वैज्ञानिक मानवता'को झण्डालाई उठाउनका लागि हाम्रो पार्टी नेपाल र संसारभरका नागरिकलाई आह्वान गर्दछ।

ङ. हाम्रो दर्शन, सिद्धान्त, विचार र नीतिसँग मेल खाने विभिन्न व्यक्ति, समूहसँग गहन छलफल, अन्तरक्रिया, सहकार्य, मोर्चा निर्माण गर्दै जाने नीति रहेको छ। हाम्रो पार्टीलाई स्थानीय तहसम्म विस्तार गर्नको लागि, पार्टीको दर्शन, विचार, सिद्धान्त, नीति र कार्यक्रमप्रति आम जनतालाई एकताबद्ध हुन आह्वान गर्दै संगठन निर्माण, परिचालन, प्रशिक्षण, संघर्षको लागि आह्वान गर्दछौं।

उद्घाटन समारोहपछि सुरु भएको बन्दसत्रमा ठाकुर पोखरेल, गणेश लोहार, सरोजमान सिंह रहनुभएको अध्यक्षमण्डल गठन भयो। बन्दसत्रमा विमल पोखरेलले राजनीतिक प्रतिवेदन पेश गर्नुभएको थियो भने ठाकुर पोखरेलले विशेष

प्रस्ताव पेश गर्नुभएको थियो । भेलामा उपस्थित प्रतिनिधिहरुबाट आवश्यक छलफलपछि सुझावसहित दुवै प्रस्तावहरु पारित गरिएको छ । बन्दसत्रले जनयुग पार्टीको निम्न अनुसारको कार्यविभाजन गरी केन्द्रीय समिति चयन गरेको छ ।

१. संयोजक : नवराज सुवेदी (प्यूठान/ललितपुर)

२. सचिव : विमल पोखरेल (प्यूठान)

३. सदस्य : डा. लछी सिंह (कञ्चनपुर)

४. ठाकुर पोखरेल (काठमाडौं)

५. गणेश लोहार (बैतडी)

६. डा. अमृत भुसाल (अर्घाखाँची)

७. आह्वान श्रेष्ठ (भक्तपुर)

८. कृष्ण अर्याल (गुल्मी)

९. कुलचन्द्र पोखरेल (प्यूठान)

१०. रामचन्द्र पोखरेल (काठमाडौं)

११. उपेन्द्र अधिकारी (दोलखा)

१२. पुरुषोत्तम गजुरेल (नुवाकोट)

१३. रीता पोखरेल (मोरङ)

१४. विमला कार्की (धनकुटा)

१५. रविन्द्र सिंह (ललितपुर)

१६. उत्तम शर्मा (बाग्लुङ)

१७. सुभद्रा क्षेत्री रावत (सिन्धुली)

१८. बरुणध्वज मल्ल (प्यूठान)

१९. कृष्णप्रसाद भुसाल (अर्घाखाँची)

२०. सुनिता कुँवर (धादिङ)

२१. सिर्जना सुवेदी (जुम्ला)

२२. सचन विश्वकर्मा (सिन्धुली)

२३. इन्द्र कँडेल (कैलाली)

२४. दीपक रोका (प्यूठान)

२५. जीवराज बस्नेत (दाङ)

२६. राजु पौडेल (रुपन्देही)

२७. सुमन आचार्य (चितवन)

२८. नवीन पाण्डे (सुनसरी)

२९. गणेश थापा (रुपन्देही)

३०. सरोजमान सिंह (बाग्लुङ)

३१. नवीन केसी (प्यूठान)

३२. शान्ता पोखरेल (रुपन्देही)

पार्टीको प्रथम भेलाले १२ बुँदे विशेष प्रस्ताव पारित गरेको छ । भेलाले विधान, प्रतिवेदन, विशेष प्रस्ताव तथा पार्टीको मुखपत्रको प्रकाशनको निर्णय गरेको छ । पार्टी केन्द्रीय समितिको कार्यक्षेत्र विभाजन गर्दै पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने निर्णय भएको छ ।

*मिति २०८२ साल असोज २७ गते सोमबार*

**नवराज सुवेदी**

**संयोजक**